
# बहुदरमाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# बहुअरी पिडरी,पर्सा ।

# आ.व.२०८३।०८४ को निति,कार्यक्रम तथा बजेट



१५ औ नगरसभाको पहिलो बैठकमा पेश भएको मितिः२०८३।०३।१० गते बुधबार ।

प्रस्तुतकर्ताः श्री सुष्मा कुमारी कुशवाहा
नगर उप-प्रमुख
मिति ; २०८३।०३।१०

यस बहुदरमाई नगरपालिका पर्साको नगर प्रमुखज्यू, प्रमूख प्रशासकीय अधिकृत, नगरसभाका सदस्यज्यूहरु तथा यस सभामा उपस्थित सबै महानुभावहरु, सर्वप्रथम म यस बहुदरमाई नगरपालिकाको नगर सभाको १५ औ अधिबेशनमा यहाँहरुलाई हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु । नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात सङ्घीय इकाईहरु क्रियाशिल भई सङ्घीय शासन ब्यवस्था निरन्तर रुपमा स्थिरता तर्फ अग्रसर भइरहेको सुखद अवस्थामा यस बहुदरमाई नगरपालिकाको सामाजिक आर्थिक रुपान्तरणको उदेश्य लिएर तयार गरिएको आगामी आर्थिक बर्ष २०८३।०८४ को नीति, कार्यक्रम तथा बजेटको संझिप्त रुप यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित तथा खुशी महशुस गरेको छु। यस अवसरमा म नेपालमा सङ्घीय लोकतन्त्रिक गणतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि विभिन्न काल खण्डमा भएका ऐतिहासिक जनआन्दोलन, राजनीतिक क्रान्ति, जनयुद्ध र मधेश आन्दोलन लगायत बलिदानीपूर्ण सङ्घर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात, अज्ञात शहीदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको रक्षाको लागि त्याग र नेतृत्व गर्नुहुने अग्रज श्रद्धेय नेतागणसहित सम्पूर्ण नेपाली जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

बहुदरमाई नगरवासीको जनजीवनमा सकारात्मक परिवर्तनको अनुभुति गर्ने गरी स्वच्छ, सुन्दर, सुरक्षित र समृद्ध नगर बनाउन हामी प्रतिबद्ध छौं । यसका लागि आगामि आर्थिक वर्ष २०८३।०८४ को नीति, कार्यक्रमको प्रमुख प्राथमिकतामा शहरी पुर्वाधार निर्माण, कृषि विकास, पर्यटन प्रवर्द्धन, आधुनिक तथा व्यवसायिक शिक्षा, सर्वसुलभ, गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा, उधमशीलता विकास तथा रोजगारी प्रवर्द्धन, सूचना प्रविधिमा आधारित कागजरहित सेवा प्रवाह र यातायात व्यवस्थापन रहेका छन् । यी प्राथमिकता प्राप्त क्षेत्रहरुलाई लक्षित गरी आगामि आ.व.२०८३।०८४ को बजेट तर्जुमा गरिने छ । यसका साथै यस नीति तथा कार्यक्रमको कार्यान्वयनको लागि सङ्घ र प्रदेश सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र,नागरिक समाज, राष्ट्रीय तथा अन्तराष्ट्रिय विकास साझेदार र अन्य सबै सरोकारवालारुसँग सहकार्य र साझेदारी गर्न तयार रहने छौ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको जगमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न स्थानीय सरकारको भूमिका महत्वपूर्ण छ। विकासका लाभहरुलाई समानुपातिक, समावेशी र न्यायोचित तरीकाले वितरण गरी लोकतान्त्रिक शासन ब्यवस्थालाई स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्नमा स्थानीय तहको नीति, कार्यक्रम र बजेटले महत्वपूर्ण योगदान पुर्याएको हुन्छ। यस नगरपालिकाले आफ्नो नीति, योजना र बजेटलाई मार्गदर्शन गर्न-

*"बहुदरमाई बासीको रहर स्वच्छ, सुन्दर, सुरक्षित र समृद्ध नगर"*

भन्ने दीर्घकालिन सोंच लिएको छ। यही सोंचलाई पुरा गर्ने गरी नगरपालिकाले आफ्नो लक्ष्य, रणनीति र प्राथमिकताहरु निर्धारण गरि कार्यहरु गरिरहेको छ र आगामी दिनहरुमा समेत गर्दै जाने छ ।

संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, दिगो विकासको लक्ष्य, निर्वाचित जनप्रतिनिधिज्यूहरुले गर्नु भएको चुनावी घोषणापत्रहरु, संघ र प्रदेश सरकारको नीति तथा कार्यक्रम, नगरबासीको आवश्यक्ता र अपेक्षा, राजनीतिक दल र नागरिक समाजबाट प्राप्त सुझावहरुलाई समेत आत्माबोध गरी प्रस्तुत नीति,कार्यक्रम तथा बजेट तय गरिएको सभा समक्ष जानकारी गराउन चाहन्छु ।

## यस नगरपालिकाको आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रमः-

१। नगरलाई दिगो, सुरक्षित, सफा र व्यवस्थित नगरको रुपमा विकास गर्न वृहत शहरी विकास गुरुयोजना र आवधिक नगर विकास योजना तर्जुमा गरि सोही अनुरुप कार्यक्रम तथा बजेट कार्यावन्यन गरिने छ।

२। नगरका सबै वडा र टोललाई पक्की सडक सञ्जालसँग जोडी आवगमनलाई सहज बनाइनेछ।

३। चुरेको विनास संगै यस पालिकामा समेत चापाकलबाट प्राप्त हुने खानेपानीको समस्या गत बिगत देखि नै बिकराल बन्दै गएकोले सो को दिर्घकालिन समाधानका लागि ओभरहेड टैकको निर्माण तथा जडानको डिपिआर तयार गरि नगरवासीलाई सो सुविधा पुर्याउन संघीय तथा प्रादेशिक सरकारसंग बजेट मांग गरिने छ ।

४।सङ्घीय तथा प्रदेश सरकारसंग आवश्यक सहकार्य गरी ठुल ठुल्ला सडकहरुको निर्माण तथा स्तरोन्नतीको कार्य गर्नका लागि पहल गरिने छ ।

५। स साना तथा टुक्रे योजना तथा कार्यक्रमहरु निरुत्साहित गर्दै अति आवश्यक भए मात्र संचालन गरिने छ ।

६। आकस्मिक मर्मत संभारको लागि मर्मत संभार कोषको ब्यवस्था गरी आवश्यक कानुन बनाई संचालन गरिने छ ।

७। यस नगरपालिका क्षेत्रभित्र रहेको ऐलानी, पर्ती तथा अन्य सार्वजनिक जग्गा, धार्मिक साँस्कृतिक सम्पदा लगायतका सार्वजनिक स्थानको संरक्षण गर्ने तथा सार्वजनिक स्थान र सडकको क्षेत्राधिकार भित्र भएको अतिक्रमन र राखिएका ब्यक्तिगत सामाग्री हटाइ ब्यवस्थित बस्तिको बिकास गरिने छ ।

८। नगरपालिका स्थापना काल देखि नै भाडाको घरबाट सेवा प्रवाह हुदै आईरहेकोमा आगामी आ.व.०८३।०८४ मा स्थान, जग्गा पहिचान गरि आफ्नै प्रशासनिक भवन बनाउन आवश्यक पहलि कदम गरिने छ । साथै वडा कार्यालय नं ५ , ४ र ७ को समेत आफ्नै भवन बनाउन उचित जग्गा एवं श्रोतको ब्यवस्थापन गरिने छ ।

९। यस नगरपालिका भित्र भवन निर्माण मापदण्ड कडाईका साथ लागू गरिनेछ। घर नक्सा अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिई प्रविधिमैत्री बनाईने छ ।

१०। नगरका पोखरी र पार्क लगायत स्थानहरुको रमणीय पर्यटकीय क्षेत्रको रुपमा विकास गरी बहुउपयोग गर्ने नीति लिइने ।

११। सिचाईका मुहानहरु सुक्दै गएको वर्तमान अवस्थामा कृषकहरुको हकहितलाई ध्यानमा राखी सिचाई बाँध तथा पैनीहरुको मुहान संरक्षण, मर्मत संभार गरी परम्परागत सिचाई प्रणालीको संरक्षण गरिनेछ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट यस कार्यको लागि परिचालन गरिनेछ।

१२। सबै वडाहरुमा कृषि विधुतिकरणको विस्तार तथा आधुनिक सोलार सिचांई पम्पको व्यवस्था गर्न सम्बन्धित निकायमा पहल गरिनेछ।

१३। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न निर्वाहमुखी कृषि प्रणालीलाई ब्यवसायिककृषि प्रणालीमा रुपान्तरण गर्ने नीति लिइने छ। यसका लागि किसानलाई प्रत्यक्ष लाभ हुने समयमै उन्नत वीउ विजन, मल, प्राविधिक सेवा तथा अन्य आवश्यक सामग्रीहरुको उपलब्धता सुनिश्चित गर्नुका साथै वस्तुपरक आधारमा अनुदान सहयोग उपलब्ध गराउन कार्यविधि बनाई लागु गरिने छ ।

१४। पशुको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि प्रभावकारी पशु सेवा कार्यक्रम, नश्ल सुधार कार्यक्रम तथा अनुवाशिंक श्रोतहरुको संरक्षण गर्ने नीति लिइनेछ।

१५। बहुदरमाई नगरपालिका क्षेत्रभित्रका किसानहरुका साना तथा ठुला पशुहरुको विमा गर्ने नीति लिईनेछ ।

१६। यस नगरपालिका भित्रका परम्परागत सीप तथा उधमको प्रबर्द्धन, व्यवसायीकरण एवं बजारीकरणलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१७। बैदेशीक रोजगारबाट फर्केका व्यक्तिको सामाजिक विप्रेषनलाई पहिचान र प्रमाणिकरण गरी उधमशिलता विकासमा परिचालन गर्ने नीति लिईनेछ ।

१८। वडा नं ४ मा स्थापना भएको जनस्वास्थ्य प्रयोगशालाको संचालन तथा ब्यवस्थापन गर्न आवश्यक पहल कदमि गरिने छ ।

१९। यस नगरपालिकामा एक घर एक रोजगारको नीति लागु गरिनेछ । यसका लागि आर्थिक रुपमा सक्रिय उमेरका नागरिकलाई स्थानीय उधम र व्यवसायमा आबद्ध गरी रोजगारी तथा स्वरोजगारीको अवसर सिर्जना गरिनेछ ।

२०। लघु, घरेलु तथा साना उधोगहरुको प्रवर्द्धन गर्ने नीति लिइनेछ। स्थानीय उत्पादनलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन प्रोत्साहनको ब्यवस्था गरिनेछ।

२१। स्थानीय समुदाय तथा निजी क्षेत्रसँग सहकार्य गरी आर्थिक विकास तथा पर्यटन क्षेत्रमा योगदान पुर्याउने होटेल, रेष्टुराँ, बजार एवम अन्य व्यापार व्यवसायहरुलाई सञ्चालन गर्न आवश्यक पर्ने पुर्वाधर निर्माण गरिनेछ ।

२२। उधोगी, व्यवसायी तथा स्थानीय समुदायसंगको सहकार्यमा स्थानीय सामाजिक र साँस्कृतिक परिवेश अनुसार मेला, महोत्सव र हाटबजारको आयोजना गरि बजार तथा व्यवसाय प्रबर्द्धन गरिनेछ ।

२३। स्थानीय ब्यापार र उधोग ब्यवसायलाई नगरपालिकामा अनिवार्य दर्ता हुन आवश्यक समन्वय र सहजिकरण गरिने छ।

२४। पर्यटन प्रबर्द्धनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकास्न यस नगरपालिकालाई धार्मिक तथा साँस्कृतिक पर्यटकीय नगरीको रुपमा विकास गरिनेछ ।बहुदरमाई मन्दिर, तिलावे ब्यारेज लगायत अन्य संभावित स्थानलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गर्न पहल गरिनेछ।

२५। नगरका खाली पर्ति जग्गा एवं मुख्य तथा सहायक सडकहरुमा हरियो बहुदरमाई रमणिय बहुदरमाई नारालाई सार्थक बनाउन बृक्षारोपण गरिने छ ।

२६। यस नगरपालिकाको ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका सम्पदा लगाएत मठ, मन्दिर, भाषा , संस्कृति, परम्परा, मेला, महोत्सव आदिको संरक्षण तथा सम्बर्द्धन गर्ने नीति लिईने छ । बहुदरमाई नगरपालिकाको ईतिहास, सँस्कृति, मौलिक परम्परा, पर्यटकीय स्थल, विकास निर्माण आदि समेटी डकुमेन्ट्री, तस्वीर, चित्रकथा निर्माण गर्नुका साथै स्थानीय पाठ्यक्रममा समावेश गर्न पहल गरिने छ ।

२७। विद्यालयको पुर्वाधार तथा शैक्षिक वातावरणलाई स्वच्छ, अनुशासित र मर्यादित बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने निति लिइनेछ ।

२८। मधेश विश्वविधालयको भौतिक संरचना यथाशक्य चाँडो निर्माण गर्न पहलकदमी गरिने छ ।

२९। यस नगरपालिकामा माध्यमिक तथा आधारभुत विधालय विद्यालयहरुमा ICT lab को स्थापना र School Management system Software को प्रयोगलाई अझ बढी सुदृढ बनाई सूचना प्रविधिमा आधारित शिक्षण सिकाईलाई प्रभावकारी बनाईने छ ।

३०। पूर्ण रुपमा अँग्रेजी माध्यमबाट पठनपाठन गराउने समुदायिक विधालयलाई विशेष प्रोत्साहनको ब्यवस्था गरिनेछ।

३१। विद्यार्थीहरुको शैक्षिक मुल्याङ्कनमा अतिरिक्त क्रियाकलापको मुल्याङ्कनलाई समेत आवद्ध गरिनेछ । यसका लागि सबै सामुदायिक विद्यालयहरुमा बर्षै भरी अतिरिक्त क्रियाकलाप संचालन गर्ने नीति लिईने छ ।

३२। प्रत्येक मा.वि. र आधारभुत विधालयहरुमा किशोरीहरुले निशुल्क स्यानिटरी पैड प्रयोग गर्नका लागि छुट्टै Hygiene Room को ब्यवस्था गरिनेछ। साथै किशोरीहरुले प्रयोग गर्ने स्यानिटरी पैड भेण्डर मेसिन बिधालयहरुलाई बितरण गरिने ब्यवस्था मिलाईने छ ।

३३। सबै सामुदायिक विधालयहरुमा विधालय ब्यवस्थापन समिति गठन गरिनेछ।शिक्षण सिकाई पद्धति र विधालय ब्यवस्थापनको प्रभावकारिता र गुणस्तरीयतालाई मुल्याङ्कन गरी पुरष्कृत तथा दण्डित गर्ने प्रणालीको विकास गरिनेछ।

३४। यस नगरपालिकाका छात्रा / छात्रहरुलाई छात्रवृति उपलब्ध गराउन आवश्यक कार्यविधि निर्माण गरी छात्रवृति कोषको ब्यवस्था गरिनेछ।

३५। नगरपालिकाबाट विधालयहरुमा पठाईने सशर्त अनुदान अन्तर्गतका कार्यक्रम जस्तै दिवाखाजा, पाठ्यपुस्तक,छात्रवृति आदिको नियमित अनुगमन गरी कार्यान्यिवनमा अझ बढी प्रभावकारीता ल्याईने छ ।

३६। यस नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका घोषणा गर्न अभियान सञ्चालन गरिनेछ। साथै शिक्षाको गुणस्तर कायम गर्न रिक्त रहेका तथा नपुग भएमा स्वंमसेवक शिक्षक पदपुर्तिको ब्यवस्था मिलाईने छ ।

३७। यस नगरपालिकाका जेहेन्दार विधार्थीहरुका लागि निशुल्क लोक सेवा आयोग तथा शिक्षा सेवा आयोगको लागि तयारी कक्षा संचालन गरिनेछ।

३८। बहुदरमाई नगरपालिकामा सञ्चालन भइरहेको स्वास्थ्य LAB बाट प्रदान भइरहेको सेवालाई सूचना प्रविधिमा आधारित र थप प्रभावकारी बनाईनेछ। सबै उमेरका क्षयरोगी र कुष्ठ रोगीहरुलाई निशुल्क लैब परीक्षण र नियमित चेकजाँचको ब्यवस्था गरिनेछ।

३९। स्वास्थ्य संस्थाहरुमा सफ्टवेयरको प्रयोग गरी विरामी सूचना ब्यवस्थापन, appointment, प्रयोगशाला, स्वास्थ्य बीमा, बिलिङ्ग र भुक्तानी, कर्मचारी ब्यवस्थापन, स्वास्थ्य ट्रेकिङ्ग र सुरक्षित स्वास्थ्य सन्देश प्रवाह लगायतका कार्यक्रम मार्फत स्वास्थ्य सेवालाई विश्वसनीय र प्रभावकारी बनाइनेछ।

४०।यस नगरपालिकाबाट USG सेवाप्रदान गर्न नगरपालिकाको तर्फबfट एउटा डाक्टरको व्यवस्था गरीनेछ ।गर्भवती महिलाहरुलाई निशुल्क USG सेवा उपलब्ध गराइनेछ।

४१। आँखाका बिरामीहरुको चेकजाँच गराउन निशुल्क आँखा शिविर सञ्चालन गरिनेछ। नगर भरिका प्रत्येक वडामा स्वास्थ्य शिविर र रक्तदान कार्यक्रम सञ्चालन गरिनेछ।

४२। नगरपालिका भित्रका जटिल प्रकृतिका दिर्घरोगी जस्तैः- सबै प्रकारका क्यान्सर, मृगौला, मुटू , मेरुदण्ड सम्बन्धी रोग भएका विरामीहरुलाई दिईंदै आईरहेको सेवा सुविधा तथा आर्थिक सहायतालाई निरन्तरता दिईने छ ।दीर्घ रोगीहरुकालागि नेपाल सरकारबाट दिईंदै आइएको उपचार खर्चलाई समयमा नै भुक्तानी गर्ने ब्यवस्था मिलाइनेछ।

४३। यस नगरपालिका क्षेत्रभित्रका विरामीहरुको लागि नगरपालिकाको एम्बुलेन्स सेवालाई थप ब्यवस्थित र सर्वसुलभ बनाउँदै गर्भवती महिलाहरुका लागी यस पालिकाको वर्थिंग सेन्टरसम्म पुग्न निःशुल्क एम्बुलेन्स सेवा संचालन गरिनेछ।

४४।बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने नीति लिईने छ। ५ वर्ष मुनिका बालबालिकाहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउनका लागि आवश्यक पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

४५।क्षयरोग मुक्त नेपाल कार्यक्रम अन्तर्गत क्षयरोग मुक्त पालिका घोषणा गर्न पहलि कदम गरिने छ ।

४६। नेपाल सरकारबाट प्रदान गरिने निःशुल्क स्वास्थ्य सेवा तथा निःशुल्क औषधीमा नगरपालिकाको तर्फबाट थप औषधी निशुल्क रुपमा उपलब्ध गराइने छ । ६० वर्ष माथिका दीर्घरोगीहरुको रोस्टर नामावली तयार गरी निशुल्क नियमित चेकजाँच, ल्याब परीक्षण तथा औषधी उपलब्ध गराइनेछ।

४७।१५ शैयाको नगर अस्पतालको डिपीआर तयार भईसकेकोले त्यसको निर्माणको लागि आवश्यक जग्गा अस्पतालको नाममा दर्ता गराई निर्माण कार्य आगामी आ.व.०८३।०८४ मा अगाडी बढाईने छ । .

४८।यस नगरपालिकाका बिरामीहरुका लागि निशुल्क रुपमा रगत उपलब्ध गराउन जिल्ला रक्त सञ्चार केन्द्रसँग भएको सम्झौतालाई निरन्तरता दिइनेछ।

४९।आयुर्वेदिक एंव प्राकृतिक चिकित्सा प्रणालीको बिस्तार गरिने छ । आम नागरिकलाई योगाभ्यास र शारीरिक ब्ययाम सहितको सक्रिय जीवन पद्वति अपनाउन प्रेरित गरिने छ । यसको लागि सबै वडा सम्म ब्ययामशाला, आरोग्य केन्द्र र योग केन्द्रहरु स्थापना गर्न पहल गरिने छ ।

५०। स्वास्थ्यकर्मी र महिला स्वयमसेविकाहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिने छ।

५१। नगरवासीका लागि दिगो, स्वच्छ र शुद्ध खानेपानीको ब्यवस्थापन गर्न आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

५२। नगरपालिका स्थापना दिवस मनाउन पहल गरिने छ ।

५३। प्रत्येक वडाका मुख्य तथा सहायक नालाहरु निरन्तर रुपमा सफाई गरिने कार्यलाई निरन्तरता दिईने छ । यसका लागि प्रधानमंत्री रोजगार कार्यक्रमको श्रोत नपुग भएमा नगरपालिकाको श्रोतबाट ब्यवस्थापन गरिने छ ।

५४। सहकारी संस्थाको दर्ता नियमन र प्रबर्द्धन गरिने कार्यलाई निरन्तरता दिई थप प्रभावकारी बनाईनेछ । साना तथा मझौला व्यवसायमा संलग्न व्यक्ति वा समुहलाई सहकारीमा आबद्ध गराई आत्मनिर्भर बनाईने छ । सहकारी संस्थाको संस्थागत क्षमता अभिबृद्धिका लागि एकिकरण गर्ने नीति लिईनेछ ।

५५। यस नगर भित्रका किसानहरुलाई आवश्यक पर्ने विउ विजन र रसायनिक मल आपुर्तिका लागि आवश्यक्ता अनुसार सहकारी संस्थाहरुलाई परिचालन गरिने छ ।

५६। नगरका किसानहरुलाई आयमुलक तालिम, कृषि उत्पादनको प्रदर्शनि तथा नर्सरी ब्यवस्थापन जस्ता कार्यक्रमहरु आ.व.२०८३।०८४ मा संचालन गरिने छ ।

५७। नगर क्षेत्रिभत्रका सहकारी संस्थाहरुलाई CO-POMIS प्रणालिमा अनिवार्य रुपमा आबद्ध गराईनेछ ।

५८। यस नगरपालिका क्षेत्र भित्रका बचत तथा ऋण सहकारी संस्थाहरुको बचत व्याज दर तथा ऋणको ब्याज दरमा एकरुपता ल्याउने नीति लिईनेछ । यस क्षेत्रबाट परिचालन हुने बचत तथा ऋणको सुरक्षाको लागि आवश्यक नीतिगत र संस्थागत प्रबन्ध मिलाइनेछ।

५९। विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरि महिला शसक्तिकरण, क्षमता विकास एंव सिप विकास सम्बन्धि कार्यक्रमहरु संचालन गरिने छ ।

६०। बालमैत्रि स्थानिय शासनको अवधारणालाई संस्थागत गर्ने निति लिईनेछ । बालबालिका तथा बाल संजालको क्षमता अभिबृद्दि हुने किसिमको कार्यक्रमहरु संचालन गरिने छ ।

६१। ज्येष्ठ नागरिक, अपांगता भएका ब्यक्तिहरुका लागि सामाजिक पहिचान, सम्मान, सामाजिक सुरक्षा तथा सुविधा प्रदान गरिने कृयाकलापहरु नगरपालिकाबाट समचालन गरिने छ ।

६२। दलित, आदिवासि जनजाति, मधेशि, मुस्लिम , पिछडावर्ग ,तेस्रो लिंगी लगायतका वर्गहरुको हक अधिकार, पहिचान, संरक्षण , शसक्तिकरण लगायतका कृयाकलापहरु संचालन गरिने छ ।

६३। आगामी आ.व.०८३।०८४ मा यस पालिकाको भुमिहिन,सुकुम्बासी, अब्यवस्थित बसोबासीहरुलाई भुमि आयोग पर्सासंग समन्वय गरि जग्गाको लालपुर्जा बितरण गर्न पहल कदमि गरिने छ । .

६४। आगलागिका घटनामा राहत पुर्याउन आगामि आ.व.०८३।०८४ मा १ थान वारुण यन्त्र ब्यवस्थापन गर्न संघिय सरकार,प्रदेश सरकार तथा भारतीय दुतावाससंग सहयोग गर्न पहलि कदम गरिने छ ।

६५। २०८२ भदौ २२ र २३ गते भएको जेन्जी आन्दोलनको मर्म, भावना अनुसार सुशासन, पारदर्शिता र युवाहरु संग साझेदारीमा विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरिनेछ।

६६। बाल विवाह, महिला हिंसा, लागु औषध दुर्ब्यसन, छुवाछुत तथा जातीय विभेद लगायत अन्य सामाजिक विकृति नियन्त्रण गर्न विधालय र समुदाय स्तरबाट सचेतना फैलाउन आवश्यक जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि स्थानीय सञ्चार माध्यमको प्रयोगलाई प्राथमिकता दिइनेछ।

६७। प्रादेशिक, राष्ट्रिय, तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिन सफल नगर भित्रका खेलाडि तता जित हासिल गराउन सहयोग पुर्याउने प्रशिक्षकहरुलाई पालिकाको तर्फबाट प्रोत्साहन र सम्मान गरिने छ ।

६८। बहुदरमाई नगरपालिकाको विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन योजना तर्जुमा गरिनेछ। बहुदरमाई नगरपालिकाका सबै पुर्वाधार निर्माणमा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनका अवधारणाहरुलाई आन्तरिकीकरण गरिनेछ ।

६९। तत्काल आगलागिबाट बाच्नका लागि गाँउ, टोल स्थित पोखरी, तलाउ तथा ईनारहरुको संरक्षण र सम्बर्द्धन गरिनेछ । बाढी, आगलागी, चट्याङ्ग, लुह र शितलहरको प्रकोपबाट पीडित भएका असहाय व्यक्ति वा गरीब परिवारलाई राहत वितरण गर्ने कार्यक्रमका लागि बनेको ऐन नियमलाई संशोधन गरि सो कार्यलाई निरन्तरता दिइनेछ ।

७०। डेंगि , मलेरिया जस्ता लामखुट्टेबाट सर्ने रोगबाट बच्न एरिया पहिचान गरि अन्तरंग अवशिष्ट विषादी छिड्काउका लागि उपकरणहरु खरिद गर्न बजेटको ब्यवस्था गरिने छ ।

७१। न्यायीक समितिका सदस्यहरुको क्षमता अभिवृद्धि गरी विवादको कारवाही र किनारालाई प्रभावकारी बनाइनेछ। प्रत्येक वडामा मेलमिलाप केन्द्रको स्थापना गरी स्थानीय विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रोत्साहन गरिनेछ।

७२। स्थानीय असल अभ्यासको प्रशारण तथा विकृति विसङ्गति विरुद्ध खबरदारी गरी पार्दशीता र उत्तरदायित्व बढाउन स्थानीय सञ्चार माध्यमसँग साझेदारी प्रवर्द्धन गरिनेछ। स्थानीय सञ्चार माध्यम तथा सञ्चारकर्मीहरुको प्रोत्साहनको लागि कार्यक्रम सञ्चालन गरिनेछ।

७३। यस नगरपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा सूचना प्रविधिको उपयोग मार्फत गुणस्तरीय, जनमैत्री र प्रभावकारी सेवा प्रवाह गरी सेवाको समय र लागत घटाई एवम गुणस्तर अभिवृद्धि गरी पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गरिनेछ।

७४।कर्मचारीहरुको क्षमता विकास गरि कार्य सम्पादनको गुणस्तर अभिबृद्धि गरिने छ । उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरष्कृत गर्ने नीति यसै वर्ष देखि लिइने छ।

७५। कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गरिनेछ। साथै सामाजिक सुरक्षा कोषमा आवद्व गर्न कार्यालयको तर्फबाट बजेट ब्यवस्थापन गरिने छ । साथै कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास गर्न समय समयमा तालिम, अवलोकन भ्रमण जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।

७६। वडा प्रशासनिक खर्चहरुलाई बढाई अझ बढी प्रभावकारी एवं नियमनकारी ढंगले ब्यवस्थित गरि खर्च गर्ने पद्वतिको शुरुवात गरिने छ ।

७७।बहुदरमाई नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निष्पक्ष, पारदर्शी र जनमुखी बनाउन कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरी नतिजामा आधारीत कार्यसम्पादन मूल्याङ्कन प्रणाली अवलम्बन गरिनेछ । सबै तहका सेवा करारका कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कनको आधारमा सेवालाई निरन्तरता वा भंग गर्ने नीति लिइनेछ।

७८।नगरपालिकाले कार्यसम्पादन गर्दा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले निर्धारण गरेको कार्यसम्पादन सूचक, LGPAS मा उच्च अङ्क प्राप्त गर्ने गरी प्रक्रिया र कार्यविधि अवलम्बन गरिनेछ।

७९। विकास निर्माण र सेवा प्रवाहमा सुशासन कायम गर्न चौमासिक रुपमा सार्वजनिक सुनावाई, वार्षिक समीक्षा, सामाजिक परीक्षण, गुनासो पेटिका र गुनासो सुनुवाई जस्ता सामाजिक उत्तरदायित्वका अभ्यासलाई प्रभावकारी बनाइने छ। प्रत्येक सार्वजनिक निर्माणहरुमा अनिवार्य रुपमा सार्वजनिक लेखा परिक्षण गरिने व्यवस्थालाई निरन्तरता दिइने छ ।

८०।उपभोक्ता समिति मार्फत निर्माण हुने आयोजनामा उपभोक्ताको नगद लागत जनसहभागिता सुनिश्चत गर्ने नीति लिइनेछ। निर्माणको गुणस्तर र आयोजनाको मर्मत संभारकालागि सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार र उत्तरदायी बनाइनेछ।

८१। कार्यालयको अनुत्पादक र फिजुल खर्चलाई निरत्साहित गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ। चालु खर्चलाई पुँजीगत खर्चसँग आवद्ध गरी गैर बजेटरी खर्चलाई न्यूनीकरण गरिनेछ।

८२। वार्षिक बजेट तर्जुमा गर्दा जनताको आय आर्जन, रोजगारी वृद्धि, पूँजी वृद्धि हुने पुर्वाधार निर्माण, गरिवी निवारण तथा राष्ट्रिय र प्रादेशिक लक्ष्यमा प्रत्यक्ष योगदान पुर्याउने आयोजना तथा कार्यक्रमहरुमा साधन विनियोजन गरिनेछ। नगरपालिका तथा वडाबाट वितरण गरिने सामाग्री र सहायताको लागि कर्यविधि निर्माण गरी उक्त कार्यविधिले पहिचान गरेको लक्षित वर्ग र निर्धारण गरेको प्रक्रियालाई अनिवार्यरुपमा अवलम्बन गर्ने नीति लिइनेछ।

८३। राजस्व सम्भाब्यताको अध्ययनबाट प्राप्त सुझाव अनुसार कर लागाउन सक्ने सबै क्षेत्रको पहिचान गरी नगरबासीहरुलाई बोझ नहुने र सर्वस्वीकार्य हुने करको दर कायम गरी दायरा विस्तार गर्ने नीति लिईनेछ। साथै सार्बजनिक पोखरी, जग्गा, पार्कहरुको खोजि गरि आन्तरिक राजस्व बढावाका लागि ठेक्का बन्दोबस्ती गरिने छ ।

८४।वार्षिक रू. १ लाख भन्दा बढी कर तिर्ने कारदाताहरुको अभिलेख राखी निजहरुलाई सम्मान गरिनेछ।

८५। सार्वजनिक खर्चमा आर्थिक अनुशासन कायम गर्दै शुन्य बेरुजु हुने गरी खर्चको लेखाङ्कन गर्ने निति लिइनेछ। बहुदरमाई नगरपालिकाको महालेखा परिक्षणबाट देखीएका हाल सम्मको बेरुजु फर्छौट गर्न आवश्यक प्रकृया अघि बढाईने छ।

८६। नगरपालिका स्तरबाट गरिने बितरण मुखि कार्यको कार्यविधि बनाई उक्त कार्य लागत सहभागितामा गर्ने निति तय गरिने छ ।

८७। यस नगरपालिकाको लागी आवश्यक पर्ने ऐन,नियमावली,निर्देशिका र कार्यविधिहरुलाई परिमार्जन गर्दै समय सापेक्ष बनाइनेछ।

८८। वडा स्तरमा आ.व.२०८२।०८३ मा संचालन भई बांकी रहेको योजनागत बजेट आगामि आ.व.०८३।०८४ मा सार्ने ब्यवस्था मिलाइने छ ।

८९। नगर भरीका नालाहरु नियमित रुपमा सरसफाई गराउन बजेटको ब्यवस्था गरि वडा स्तरमा जनशक्ति परिचालन गरिने छ ।

९०। सुशासन ऐन २०६४ तथा स्थानीय सरकार संचालन ऐन २०७४ अनुरुप यस नगरपालिकाको कार्यहरु जनता समक्ष पारदर्शि रुपमा प्रस्तुत गरि जानकारी उपलब्ध गराउन सार्वजनिक सुनवाई तथा सामाजिक परिक्षण जस्ता कार्यक्रमहरु संचालन गरिने छ

९१। माथि उल्लेखित निति तथा कार्यक्रमहरु कार्यवन्यन गर्न यस पालिकालाई आ.व.२०८३।०८४ मा तपसिल अनुसारको अनुदानहरु प्राप्त हुने प्रक्षेपण गरिएको छ ।

तपसिलः

| क्र.सं. | आय शिर्षक | प्रस्तावित आय रकम २०८३।०८४ | कैफियत |
|---|---|---|---|
| १ | संघीय सरकार समानीकरण अनुदान | १२०१०००००।०० | |
| २ | संघीय सरकार सर्शत अनुदान | २२१८०००००।०० | |
| ३ | संघीय सरकार विशेष अनुदान | ७८०००००।०० | |
| ४ | संघीय सरकार सम्पूरक अनुदान | १३२०००००।०० | |
| ५ | संघीय राजस्व वांडफांड | ९२००००००।०० | अनुमाणित |
| ६ | प्रदेश सरकार समानीकरण अनुदान | ८३३४०००।०० | |
| ७ | प्रदेश सरकार सर्शत अनुदान | ६००००००।०० | |
| ८ | प्रदेश सरकार विशेष अनुदान | ३००००००।०० | |
| ९ | प्रदेश सरकार सम्पूरक अनुदान | ३००००००।०० | |
| १० | प्रदेशसरकार(मधेश प्रदेश)राजस्ववांडफांड | ३६४०००००।०० | अनुमाणित |
| ११ | स्थानीय राजस्व वाडफाड (मालपोत रोथल्टी) | २२००००००।०० | अनुमाणित |
| १२ | आन्तरीक स्रोत (राजस्व असुली वडा तथा नगर स्तरीय) | ५२६०५००।०० | अनुमाणित |
| १३ | बाकी बेक मौज्दात | ४०५६०००।०० | अनुमाणित |
| १४ | जि.स.स.बाट कार्यक्रम संचालन अनुदान | २५००००००।०० | |
| १५ | एलजिसिडिपि कार्यक्रम अनुदान | ५०००००।०० | |
| १६ | सडकबोर्ड नेपाल कार्यक्रम | ४००००००।०० | |
| | जम्मा: | ४९,७३,९०,५००।०० | |

९२। संघिय सरकार, प्रदेश सरकार,अन्य बैदेशिक सहयोग तथा आन्तरिक श्रोत समेत गरि प्राप्त बजेटहरुलाई तपसिल अनुसारको विषयगत क्षेत्रहरुमा विनियोजन गरिने छ ।

तपसिलः

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | आ.व.०८३।०८४ को अनुमाणित सिमा |
|---|---|---|
| १ | आर्थिक विकास १०<br>( कृषि, उद्योग,जलश्रोत तथा सिंचाई,बन) | ४९७३९०५०।०० |
| २ | सामाजिक विकास ५२<br>(शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई , भाषा तथा संस्कृति,लैंगिक समानता तथा सामाजिक समावेशीकरण,युवा तथा खेलकुद,जनसंख्या तथा बसाईसराई,सामाजिक सुरक्षा तथा संरक्षण, | २५८६४३०६०।०० |
| ३ | पूर्वाधार विकास १८<br>( यातयात पूर्वाधार,भवन, आवास तथा सहरी विकास, उर्जा,संचार तथा सूचना प्रबिधि,सम्पदा पूर्वाधार,पुनर्निर्माण | ८९५३०२९०।०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र ५<br>( विपद व्यवस्थापन,मानब संशाधन विकास,कानुन तथा न्याय,शासन प्रणाली,तथ्यांक प्रणाली,गरिबी निवारण,अनुगमन तथा मूल्यांकन) | २४८६९५२५।०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक १५ | ७४६०८५७५।०० |
| | कुल जम्मा | ४९,७३,९०,५००।०० |

९३ । अन्तमा यस निति, कार्यक्रम तथा बजेट तर्जुमा कार्यमा ब्यक्तिगत तथा संस्थागत राय, सुझाव, दिनुहुने सम्पुर्णमा हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । साथै यसको तयारीमा खटिने कर्मचारी तथा पदाधिकारीहरुलाई समेत धन्यवाद ब्यक्त गर्दछु ।

(धन्यवाद )